प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान

# प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/ १२/२२**

एकिकृत कृषि तथा पशुपन्छि विकास कार्यालय, प्यूठानको चालू आ.व. ०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषकले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७९/०१/६ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| सुचना नं. | कार्यक्रमहरुको नाम | ईकाइ | परिमाण | बजेट (रु.लाखमा) | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदानका सिमा र मापदण्ड | कार्यक्रम सचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| ०७८/७९-६२ | सार्वजनिक निजी साझेदारीमा शहिद, द्वण्ड पीडीत , पूर्व जनमुक्ती सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्वासी समुदायका लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रम | पटक | १ | १५ | लक्षित समुदायले कृषि, पशुपन्छी तथा मत्स्य ब्यवसायको उत्पादन, प्रशोधन तथा बजारीकरणको लागि सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने । | स्वीकृत बजेट को परिधि भित्र रहि स्वीकृत लागत अनुमान सहितको कार्य योजना अनुसार अधिबतम ८०% वा बढीमा ८० हजार मध्यै जुन कम हुन आउछ सो ही रकम अनुदान दिईनेछ ।<br>• पहाडको हकमा कम्तिमा २ रोपनी जग्गामा बाली/बस्तु उत्पादन गर्ने योजना भएको ।<br>• मौरीको हकमा कम्तीमा ६ वटा मौरी घार( गोला सहित) ।<br>• च्याउको हकमा न्युनतम ४० पोका च्यउको बिउप्योग गरी उत्पादन गर्नु पर्ने ।<br>• गाई भैंसीको हकमा कम्तीमा २ वटा दुहुनो हुनु पर्ने<br>• भेडा बाखा तथा बैगुरको हकमा ५ बटा हुनुपर्ने<br>• पंछीको हकमा १०० वटा<br>• माछाको हकमा २०० देखि ४०० ब. मि. जलाशयमा पालन योजना भएको हुनु पर्ने । | जिल्लाभर |

पुनश्चः माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा यसै कार्यालयको वेभसाईट http://ialdopyuthan.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ । सो सम्बन्धमा थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्न सकिने छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. प्रस्तावकको निवेदन र प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी
२. सम्बन्धित सरकारी निकायबाट शहिद, द्वण्ड पिडीत , पूर्व जनमुक्ती सेना तथा लोकतान्त्रिक योद्धा परिवार र सुकुम्वासी समुदाय प्रमाणित भएको प्रमाण पत्र ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी)
४. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार)
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
६. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
७. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
८. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र)
९. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी

कार्यालय प्रमुख